**२०६९ पुस १० गते**

## नेपालको अन्तरिम संविधान, २०६३ को कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकाउ (विविध व्यवस्था) आदेश, २०६९

**प्रस्तावना:** नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम मुलुकका लागि नयाँ संविधान निर्माण गर्न संविधानसभाको व्यवस्था गरिएकोमा जेठ १४, २०६९ मा संविधानसभा नयाँ संविधान निर्माण कार्य सम्पन्न हुनुपूर्व नै कार्यावधि समाप्त भई अवसान भएकोबाट मुलुकमा सिर्जना भएको संवैधानिक संकटलाई दृष्टिगत गर्दै,

त्यस्तो संवैधानिक संकट अर्को संविधानसभा व्यवस्थापिका संसद्को निर्वाचन नभई समाधान हुन नसक्ने एवम् अर्को संविधानसभा व्यवस्थापिका संसद्को निर्वाचनको व्यवस्था संविधानमा उल्लेख नगरिएको एवम् संविधानको संशोधन गरी सोको व्यवस्था गर्नका लागि समेत व्यवस्थापिका संसद् विद्यमान नभएको तथ्यलाई स्वीकार गर्दै,

संवैधानिक संकटको समग्र व्यवस्थापन नगरी केवल तात्कालीक आवश्यकताका आधारमा अलग अलग एवम् विभिन्न प्रकारले लिइएको निर्णय, अध्यादेश वा बाधा अड्काउ फुकाउने अधिकारको प्रयोगबाट वर्तमान संकटको सम्बोधन हुन नसक्ने परिस्थितिमा यथोचित एकीकृत समाधान खोजी संविधानवादका आधारमा राज्यशक्तिको प्रयोग एवम् सञ्चालन गर्नुपर्ने मान्यतालाई आत्मसात् गर्दै विगतको अनुभवका आधारमा वर्तमानका लागि विभिन्न सुस्पष्ट प्रावधानहरुको व्यवस्था गरी नयाँ संविधानसभाको निर्वाचन गराउनु अत्यावश्यक भएकाले,

अघिल्लो संविधानसभामा भए गरेका संविधान निर्माण सम्बन्धी कामकारबाहीहरुलाई दृष्टिगत गर्दै संविधान निर्माणसँग सम्बन्धित बाँकी विवादहरुलाई राजनैतिक सहमतिका आधारमा निरोपण गरी नयाँ संविधानको मस्यौदालाई अन्तिम रुप प्रदान गर्न विज्ञहरु सम्मिलित संविधान मस्यौदा आयोग गठन गर्न र उक्त आयोगबाट तयार गरिएको नयाँ संविधानको मस्यौदालाई नयाँ निर्वाचित संविधानसभामा प्रस्ताव गर्ने तथा संविधानको धारा ७० बमोजिम संविधान निर्माणको प्रक्रिया अनुसार पारित गर्ने व्यवस्था मिलाउनु व्यवहारिक देखिएकाले,

देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने लगायतका नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा अन्तरनिहित मूल भावनालाई आत्मसात् गर्दै चाँडोभन्दा चाँडो निर्वाचन गरी यस आदेशमार्फत् भएगरेका कामकारबाहीलाई नयाँ निर्वाचित संविधानसभा व्यवस्थापिका संसद्बाट अनुमोदन गराई मूल अन्तरिम संविधानलाई पुनः जेठ १४ अघिको परिस्थितिमा फर्काइ विद्यमान संवैधानिक संकटको समाधान गर्नुबाहेक अर्को कुनै विकल्प नदेखिएकाले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम व्यापक राष्ट्रिय सहमति कायम गर्दै संविधानको कार्यान्वयनमा मुलुकले व्यहोर्दै गरेको बाधा अड्काउ फुकाउनका लागि मन्त्रिपरिषद्द्वारा सिफारिस गरिए बमोजिम राष्ट्रपतिबाट देहायको आदेश जारी भएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "नेपालको अन्तरिम संविधान, २०६३ को कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकाउ (विविध व्यवस्था) आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा -

(क) 'संविधान' भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ भन्ने बुझ्नु पर्दछ ।

(ख) 'संवैधानिक संकट' भन्नाले संविधान संशोधनको प्रक्रियाद्वारा नयाँ संविधान निर्माण तथा संक्रमणकालीन व्यवस्थाका बारेमा आवश्यक प्रावधानको व्यवस्था मिलाउनु भन्दा पहिले नै संविधानसभा व्यवस्थापिका संसद्को अवसानका कारण संविधानका केही व्यवस्थाहरुको कार्यान्वयनमा आएको समस्यालाई बुझ्नु पर्दछ ।

(ग) 'पुरानो संविधानसभा' भन्नाले जेठ १४, २०६९ मा कार्यावधि समाप्त भएको संविधानसभा भन्ने बुझ्नु पर्दछ ।

(घ) 'नयाँ संविधानसभा' भन्नाले यस अध्यादेश बमोजिम गठित एवम् संविधान बमोजिम काम गर्ने नयाँ संविधानसभा बुझ्नु पर्दछ ।

(ङ) 'अध्यक्ष' भन्नाले नयाँ संविधानसभाको अध्यक्ष बुझ्नु पर्दछ ।

(च) 'अध्यादेश' भन्नाले संविधानको धारा ८८ बमोजिमको अध्यादेश बुझ्नु पर्दछ ।

(छ) 'बाधा अड्काउ फुकाउने अधिकार' भन्नाले संविधानको धारा १५८ ले व्यवस्था गरेको बाधा अड्काउ फुकाउने अधिकार बुझ्नु पर्दछ ।

(ज) 'आदेश' भन्नाले संविधानको धारा १५८ अन्तर्गतको आदेश बुझ्नु पर्दछ ।

३. **राष्ट्रिय सहमतिको सरकारको व्यवस्थाः** (१) यस आदेश बमोजिम निर्वाचन भई अन्तरिम संविधान, २०६३ को धारा ३८ बमोजिम प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन नहुञ्जेलसम्मका लागि यस आदेश बमोजिमका कामकारबाहीहरु सम्पन्न गरी मुलुकमा विद्यमान संवैधानिक संकट समाधानका लागि व्यापक जनाधारसहितको राष्ट्रिय सहमतिको सरकारको व्यवस्था गरिने छ ।

(२) यस आदेश जारी हुँदाका बखत रहेको प्रधानमन्त्रीको नेतृत्वमा वा अन्य कुनै राजनैतिक दलका नेताको नेतृत्वमा त्यस्तो राष्ट्रिय सहमतिको सरकारको गठन हुन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको राष्ट्रिय सहमतिको सरकारले यस आदेशको दफा ५ बमोजिम निर्वाचनको जिम्मेवारी पनि पूरा गर्नेछ ।

४. **राजनैतिक सहमति निर्माण संयन्त्रः** (१) राष्ट्रपतिले यो आदेश जारी गरेको पन्ध्रदिनभित्र मन्त्रिपरिषद्को सिफारिसमा एक अध्यक्षसहित एघार सदस्यीय राजनैतिक सहमति निर्माण संयन्त्रको गठन गर्नेछ ।

(२) संयन्त्रमा विभिन्न राजनैतिक दलहरुको प्रतिनिधित्व गराइने छ ।

(३) संयन्त्रले पुरानो संविधानसभामा टुंगो लाग्न नसकेका सबै मूल संवैधानिक विवादका विषयवस्तुमा सहमतिका आधारमा नीतिगत निर्णय गर्नेछ ।

(४) संयन्त्रले उपदफा (३) बमोजिमका निर्णयहरु यसको गठन भएको तीन महिनाभित्र गरिसक्नेछ ।

(५) संयन्त्रले उपदफा (३) तथा (४) बमोजिम गरिएका निर्णयहरुसहितको एकमुष्ठ प्रतिवेदन तयार गरी मन्त्रिपरिषद्मार्फत् राष्ट्रपति समक्ष पेश गर्ने छ ।

(६) उपदफा (४) बमोजिम सहमतिका आधारमा संयन्त्रले सबै निर्णय गर्न नसकेको अवस्थामा निर्णय हुन बाँकी विषयसमेत उल्लेख गरी उपदफा (५) बमोजिमको प्रतिवेदन तयार गरिने छ ।

(७) राष्ट्रपतिले उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रिपरिषद्मार्फत् नयाँ संविधान मस्यौदा आयोगमा पठाउने छ ।

(८) संयन्त्रका कामकारबाही एवम् प्रक्रिया संयन्त्र स्वयम्ले तय गर्नेछ । यसबारे कुनै अदालतमा प्रश्न उठाइने छैन ।

५. **नयाँ संविधान मस्यौदा आयोगः** (१) राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिसमा एक अध्यक्षसहित सात सदस्यीय नयाँ संविधान मस्यौदा आयोगको गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित नयाँ संविधान मस्यौदा आयोगमा संवैधानिक कानुनका ज्ञाता, कानुनविद् तथा अन्य विज्ञहरु रहनेछन् ।

(३) आयोगले पुरानो संविधानसभा वा त्यस अन्तर्गतका विभिन्न आन्तरिक वा बाह्य संयन्त्रहरुले तयार गरेका संवैधानिक दस्तावेजहरु र दफा ४ को उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा नेपालको नयाँ संविधानको मस्यौदा तयार गर्ने छ ।

(४) उपदफा (३) बमोजिम नेपालको नयाँ संविधानको मस्यौदा तयार गर्दा कुनै प्रावधानका सम्बन्धमा उपलब्ध दस्तावेजहरु वा दफा ४ को उपदफा (७) बमोजिमको प्रतिवेदनमा रिक्तता देखिएमा सो रिक्तताको पूर्ति गर्ने जिम्मेवारी नयाँ संविधान मस्यौदा आयोगको हुनेछ ।

(५) उपदफा (३) मा जेसुकै लेखिए तापनि दफा ४ अन्तर्गतको राजनैतिक सहमति निर्माण संयन्त्रले सहमतिका आधारमा सबै निर्णय गर्न नसकेको अवस्थामा निर्णय हुन बाँकी विषयसमेतमा नयाँ संविधान मस्यौदा आयोगले यथोचित निर्णय लिने र सोका आधारमा मस्यौदा तयार गर्ने छ ।

(६) यो आयोगले एउटा प्राविधिक आयोगका रुपमा काम गर्नेछ । यसका कुनै पनि सदस्य राजनैतिक दलका सदस्य हुने छैनन् ।

(७) आयोगको कामकारबाहीहरु नयाँ संविधानको मस्यौदा तयार भई मन्त्रिपरिषद्द्वारा सार्वजनिक नहुञ्जेलसम्म गोप्य रहने छन् ।

(८) आयोगका कामकारबाही एवम् प्रक्रिया आयोग स्वयम्ले तय गर्नेछ । यसबारे कुनै अदालतमा प्रश्न उठाइने छैन ।

६. **जनताको प्रतिक्रिया प्राप्त गर्ने कार्यविधिः** (१) दफा ५ बमोजिमको नयाँ संविधान मस्यौदा आयोगमार्फत् तयार गरिएको नयाँ संविधानको मस्यौदामा जनताको प्रतिक्रिया प्राप्त गर्नका लागि सरकारले जनमत संकलन तथा समन्वय संयन्त्रको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संयन्त्रले सो मस्यौदाको प्रचारप्रसार र सो बारे सुझाव संकलन गर्ने सम्बन्धमा कार्ययोजना तयार पारी स्वीकृतिका लागि मन्त्रिपरिषद् समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना आमसञ्चार मार्फत् प्रकाशन गर्नुका साथै सो कार्ययोजनामा निर्धारित समयभित्र काम सम्पन्न गरी सोको प्रतिवेदन सरकारलाई प्रस्तुत गर्नुपर्नेछ ।

७. **जनताको प्रतिक्रिया प्राप्त भएपछिको कार्यविधिः** (१) दफा ६ बमोजिम जनताको प्रतिक्रिया प्राप्त भई सो सम्बन्धी जनमत संकलन तथा समन्वय संयन्त्रको प्रतिवेदन मन्त्रिपरिषद् समक्ष प्रस्तुत भएपछि मन्त्रिपरिषद्ले सो प्रतिवेदन उपर छलफल गरी आवश्यक टिप्पणी सहित दफा ६ बमोजिम मन्त्रिपरिषद्लाई बुझाइएको नयाँ संविधानको मस्यौदा नयाँ संविधानसभाको अध्यक्षलाई प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन, सो उपरको मन्त्रिपरिषद्को टिप्पणी तथा नयाँ संविधानको मस्यौदालाई अध्यक्षले नयाँ संविधानसभामा आवश्यक प्रक्रियाका लागि अघि बढाउने छ ।

८. **नयाँ संविधानसभाको निर्वाचनः** (१) सरकारले विभिन्न राजनैतिक दलहरुसँग छलफल गरी राष्ट्रिय सहमतिको आधारमा दफा ९ बमोजिम नयाँ संविधानसभाको गठन गर्नका लागि निर्वाचनको मिति तय गर्नेछ ।

(२) यो आदेश जारी भएको छ महिना भित्र संविधानसभाको निर्वाचन सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनका लागि कम्तिमा दशहजार मतदाताहरुको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्नेछ ।

तर पुरानो संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरुको हकमा यो प्रावधान लागु हुनेछैन ।

९. **नयाँ संविधान सभाको गठनः** (१) नयाँ संविधान मस्यौदा आयोगबाट तयार गरिएको संविधानको मस्यौदालाई संविधानको धारा ७० को प्रक्रिया बमोजिम अन्तिम रुप दिई पारित गर्न यस आदेशको अधीनमा रही एक नयाँ संविधान सभाको गठन हुनेछ ।

(२) नयाँ संविधान सभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेशमा जनसंख्या प्रतिशतको आधारमा कानूनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणाली अनुरुप देहाय बमोजिम निर्वाचित र मनोनयन हुने देहायका संख्याका सदस्यहरु रहनेछन् :-

(क) प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा त्यस्ता जिल्ला र

सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी संविधानको धारा १५४क. बमोजिम व्यवस्था भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भएबमोजिम दुईसय बीस निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार निर्वाचित सदस्य,

(ख) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने अड्सट्ठी सदस्य,

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरू र खण्ड (क) र (ख) बमोजिमको निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिबासी जनजातिमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्‌बाट मनोनयन हुने तेह्र जना सदस्य ।

(३) उपदफा (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्ड बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा संवत् २०६४ सालमा पुरानो संविधानसभा सदस्यको निर्वाचन हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका प्रशासकीय जिल्लाहरुको निर्वाचन क्षेत्रमा पुनः तालमेल मिलाइनेछ ।

(४) उपधारा (२) को खण्ड (क) बमोजिम राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनु पर्नेछ र खण्ड (ख) बमोजिम राजनैतिक दलहरूले उम्मेदवारहरूको सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको कानूनमा व्यवस्था भए बमोजिम समानुपातिक प्रतिनिधित्व गराउनु पर्नेछ ।

यस उपधारामा जुनसुकै कुरा लेखिएको भएतापनि महिलाको हकमा उपधारा (३) को खण्ड (ख) बमोजिम समानुपातिक प्रतिनिधित्वमा हुने सङ्ख्यामा उपधारा (३) को खण्ड (क) अनुसार दिइने उम्मेदवारीको संख्या जोडेर कूल संख्याको न्यूनतम एक तिहाई उम्मेदवारी दिनुपर्नेछ ।

(५) नयाँ संविधान सभाको सदस्यहरूको निर्वाचन कानूनमा व्यवस्था भए बमोजिम गोप्य मतदानद्वारा हुनेछ ।

(६) नयाँ संविधान सभाको निर्वाचनको प्रयोजनका लागि संवत् २०६९ साल कार्तिक मसान्तसम्म अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई अन्य अध्यादेशमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुनेछ ।

(७) यस धारामा लेखिएका कुराहरूको अधीनमा रही नयाँ संविधान सभाको निर्वाचन र सो सम्बन्धी अन्य कुरा अन्य ऐन वा अध्यादेशमा व्यवस्था भए बमोजिम हुनेछ ।

१०. **नयाँ संविधान सभाको कार्यकालः** नयाँ संविधान सभाले प्रस्ताव पारित गरी दफा १३ बमोजिम अगावै रुपान्तरण भएकोमा बाहेक नयाँ संविधानसभाको कार्यकाल नयाँ संविधानसभाको पहिलो बैठक बसेको मितिले तीन महिनाको हुनेछ ।

तर मुलुकमा संकटकालीन स्थितिको घोषणा भएका कारणले नयाँ संविधान निर्माण गर्न काम पूरा हुन नसकेमा नयाँ सविधान सभाले प्रस्ताव पारित गरी नयाँ संविधान सभाको कार्यकाल थप तीन महिनासम्म बढाउन सक्नेछ ।

११. **नयाँ संविधान सभाको बैठकः** (१) नयाँ संविधानसभाको सदस्यहरूको अन्तिम निर्वाचन परिणाम निर्वाचन आयोगले सार्वजनिक गरेको एक्काइस दिनभित्र राष्ट्रपतिले आव्हान गरे बमोजिम नयाँ संविधान सभाको पहिलो बैठक बस्नेछ र त्यसपछिको बैठक नयाँ संविधानसभाको अध्यक्षता गर्ने व्यक्तिले तोकेको मिति र स्थानमा बस्नेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नयाँ संविधानसभाको कम्तीमा एक चौथाइ सदस्यले नयाँ सविधानसभाको बैठक बोलाउन आवश्यक छ भनी कारण सहित नयाँ संविधानसभाको अध्यक्ष समक्ष निवेदन गरेमा अध्यक्षले पन्ध्र दिनभित्र नयाँ संविधानसभाको बैठक बोलाउनु पर्नेछ ।

१२. **कार्य सञ्चालन विधिः** संविधानको अधीनमा रही नयाँ संविधान सभाले आफ्नो कार्य सञ्चालन गर्न बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारवाही र अन्य कुरा नियमित गर्नका लागि नियमावली बनाउनेछ । त्यस्ता नियमावली नबनेसम्मका लागि नयाँ संविधानसभाले आफ्नो कार्यविधि आफै नियमित गर्नेछ ।

१३. **नयाँ संविधान सभाको रुपान्तरणः** (१) नयाँ संविधानसभाले पारित गरेको नयाँ संविधान प्रारम्भ भएको दिनदेखि नयाँ संविधानसभाको काम समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम काम समाप्त भएको नयाँ संविधानसभा नयाँ संविधान अन्तर्गतको केन्द्रीय व्यवस्थापिका संसद्मा रुपान्तरित हुनेछ ।

(३) उदफा (२) बमोजिम रुपान्तरित केन्द्रीय व्यवस्थापिका संसद्मा दफा ९ को उपदफा (२) खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु प्रतिनिधिसभा वा तल्लो सदनका सदस्यका रुपमा तथा खण्ड (ख) बमोजिमका सदस्यहरु राष्ट्रियसभा वा माथिल्लो सदनका सदस्यका रुपमा रुपान्तरण हुनेछन् ।

१४. **संवैधानिक नियुक्तिः** (१) संवैधानिक परिषद्को सिफारिसमा गरिने संवैधानिक अंगका पदाधिकारीहरुको नियुक्ति हाल संवैधानिक परिषद्का सबै सदस्यहरु विद्यमान नभएका एवम् संविधानको धारा १५५ को उपधारा (१) बमोजिम संसदीय सुनुवाई हुन नसक्ने कारणले सम्भव हुन नसक्दा सो परिस्थितिमा जेजस्तो रुपमा छ, हाल कायम रहेकै परिषद्को सिफारिसमा पदावधि समाप्त हुन लागेका पदाधिकारीहरुलाई निजहरुको सहमति लिई हालका लागि निरन्तरता (स्टे) दिने तथा पदावधि समाप्त भइसकेका पदाधिकारीहरुका हकमा संविधानले तोकेको योग्यता कायम रहिरहेकालाई उचित ठहऱ्याए अनुसार पुनर्नियुक्ति गर्न सकिनेछ ।

(२) सर्वोच्च अदालतका न्यायाधीशका सम्बन्धमा पनि उपदफा (१) बमोजिम निरन्तरता वा पुनर्नियुक्तिको पद्धति अनुसरण गरिने छ ।

(३) उपदफा (१) बमोजिम गरिएको पुनर्नियुक्ति नयाँ संविधानसभा व्यवस्थापिका संसद्को पहिलो बैठक बसेको दिनदेखि समाप्त हुनेछ ।

१५. **अध्यादेश तथा बाधा अड्काउ फुकाउने अधिकारको प्रयोगः** (१) संविधान बमोजिम अध्यादेश तथा बाधा अड्काउ फुकाउने आदेशको प्रयोगसँग सम्बन्धित व्यवस्थापिका संसद्को प्रक्रिया नयाँ संविधानसभाको पहिलो बैठक बसेपछि कार्यान्वयन गरिने छन् ।

१६. **संविधान संशोधन गरेको नमानिनेः** (१) यो आदेश तथा यसले गरेका व्यवस्थाहरु नेपालको अन्तरिम संविधान, २०६३ को अंग पुऱ्याउने उद्देश्यबाट आएकाले यसमा प्रस्तुत व्यवस्थाहरुले संविधान संशोधन गरेको मानिने छैन ।

(२) यो आदेश लागु भएपछिका सबै संवैधानिक संकटसँग सम्बन्धित अध्यादेश एवम् बाधा अड्काउ फुकाउको आदेश यसै मूल आदेशको भावना बमोजिम प्रयोग गरिनेछ ।

(३) यस आदेशमा उल्लेखित व्यवस्थाहरुको असल नियतबारे शंका गरी व्याख्या वा प्रयोग गरिने छैन ।

(४) नयाँ संविधानसभाको पहिलो बैठक बसी व्यवस्थापिका संसद्का रुपमा यसले यस संविधानको संशोधन गरी यस आदेशमार्फत भएका सबै निर्णयहरुलाई दफा १५ बमोजिम सामान्य बहुमतले अनुमोदन गरेपछि यो आदेश खारेज भएको तथा संवैधानिक संकट समाधान भएको मानिनेछ ।

१७. **अन्य विषयहरुः** संवैधानिक संकटबाट उत्पन्न बाधा अड्काउ फुकाउनका लागि जारी गरिएको यस आदेशमा उल्लेख भएका प्रावधानहरु बाहेकका विषयमा संविधानलाई प्रभावित गरी व्याख्या वा प्रयोग गरिने छैन ।